नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

पत्र संख्याः-
च.नं.

## प्रेस विज्ञप्ति

आज मिति २०८३ बैशाख २२ गते (तदनुसार ५ मे, २०२६) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल 'गनेस' ज्यूसँग नेपालका लागि युरोपियन युनियनका राजदूत H.E. Mrs. Veronique Lorenzo ले यस मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नुभएको र उक्त भेटवार्तामा संस्कृति, पर्यटन प्रवर्धन, हवाई सुरक्षालगायत समसामयिक विषयमा छलफल भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

माननीय मन्त्रीज्यूले सांस्कृतिक सम्पदा, आध्यात्मिक परम्परा र प्राकृतिक सुन्दरताले नेपाललाई आरोग्यको प्रमुख केन्द्रको रूपमा स्थापित गर्ने आधार तयार गरेको विषयमा जोड दिनुभयो। साथै, नेपालको हवाई उड्डयन सुरक्षा र नेपाल नागरिक उड्डयन प्राधिकरणको संस्थागत क्षमता सुदृढिकरणका लागि गरिएका प्रयास, आरोग्य पर्यटन सहित पर्यटन प्रवर्धनका लागि भएका नीतिगत सुधारहरूबारे अवगत गराउनुभयो।

महामहिम राजदूतले माननीय मन्त्रीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु हुदै संस्कृति तथा पर्यटन प्रवर्धनको क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाललाई हवाई सुरक्षा सूचीबाट हटाउनु ईयू र नेपाल दुवैको साझा लक्ष्य रहेको बताउँदै नेपालले हवाई सुरक्षा सुधारमा गरेको प्रयास तथा क्षेत्रीय समस्या समाधानमा देखाएको तदारुकताप्रति सन्तोष व्यक्त गर्नुभयो।

यस भेटघाटले नेपाल र युरोपियन युनियनबीचको सम्बन्ध, सहकार्य तथा साझेदारीलाई थप सुदृढ बनाउनुका साथै संस्कृति, पर्यटन तथा उड्डयन सुरक्षाको क्षेत्रमा नयाँ उचाइ लिने विश्वास गरिएको छ।

(गोकर्ण प्रसाद उपाध्याय)
उपसचिव/सहायक प्रवक्ता

मितिः २०८३ बैशाख २२ गते, मंगलबार
नेपाल संवत् ११४६, बछलागा तृतिया

फोन नं. ४२११८७९, ४२११८७०, ४२११६२० | इमेलः info@tourism.gov.np | वेवसाइटः www.tourism.gv.np